निर्णय नं. २६

वडा प्रहरी कार्यालय रामबजार हालसम्म भाडाको घरमा रहेको र आफ्नो भवन बनाउने प्रयोजनको लागि वडा नं. १० मा नेपाल सरकारको नाउँमा रहेको कि. नं. १ क्षेत्रफल २७५५२.४० व. मि. को जग्गामा वडा प्रहरी कार्यालय रामबजारको भवन निर्माण गर्नका लागि जग्गा उपलब्ध गराउन महानगरपालिकाको सिफारिस माग भई आएकोले नियमानुसार सहमती दिन भूमीव्यवस्था तथा सहकारी मन्त्रालयमा सिफारिस गर्ने ।

निर्णय नं. २७

वडा नं. ७ र १७ मा निर्माणाधीन RTO Road को विभिन्न स्थानमा बाटोको मापदण्ड तथा सार्वजनिक-पर्ती जग्गा अतिक्रमण गरी बनाइएका संरचनाहरुले निर्माण कार्यमा अवरोध सिर्जना भएकाले त्यस्तो संरचना तत्काल हटाउन सम्बन्धित सबैलाई सार्वजनिक सूचना प्रकाशन र प्रशारण गर्ने र दिइएको समय सीमामा नहटाएमा नियमानुसारको अधिकार प्रयोग गरी हटाउन आवश्यक कार्य गर्ने ।

निर्णय नं. २८

महानगर क्षेत्रभित्र विभिन्न प्रयोजनको लागि डोजर/मेशिन संचालन अनुमती दिने सम्बन्धमा प्रस्तुत भएको मेशिन/डोजर संचालन मापदण्ड, २०७८ विधायन समितिमा छलफल तथा अन्तिम मस्यौदाको लागि पठाउने

निर्णय नं. २९

कोभिड-१९ संक्रमणको तेस्रो लहर तीव्र रुपमा फैलिएकोले संक्रमितको उपचारमा खटिएका कोभिड उपचार आईसोलेसन केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी कर्मचारीलाई सेवा प्रवाह सुचारु भएपछि खटाउनु पूर्व निर्णय गरी २०७८ चैत्र महिनासम्म नेपाल सरकारको निर्णय अनुसार शुरु तलव स्केलको पचास प्रतिशत जोखिम भत्ता उपलब्ध गराउने ।

निर्णय नं. ३०

वडा नं १८ मा हाल संचालित शहरी स्वास्थ्य केन्द्रको भवन नेपाल सरकारको नाँउमा रहेको साविक पँदेली वडा नं. ५ को कि. नं. ३९६ क्षेत्रफल ७-१२-२-० को जग्गामा निर्माण गर्न सहमतीको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भूमीव्यवस्था तथा सहकारी मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने र वडा नं. २३ को स्वास्थ्य चौकीको भवन साविक चापाकोट गा.वि.स. मा चापाकोट स्वास्थ्य चौकीको नाउँको रहेको कि. नं. २०५४ क्षे फ. १-०-२-१ को जग्गामा निर्माण गर्ने ।

निर्णय नं. ३१

पोखरा महानगरपालिका कर्मचारी सेवा ऐन, २०७६ बमोजिम कर्मचारी समायोजनको प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

मिति : २०७८/१०/१०
बैठक संख्या : ५३

स्थान : पोखरा महानगरपालिका सभाहल
समय : दिनको २:०० बजे ।

पोखरा महानगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री मञ्जुदेवी गुरुङ्गज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको ५३ औं बैठक पोखरा महानगरपालिकाको सभाहलमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायानुसारको निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | कार्यवाहक प्रमुख | |
| २ | सचिव | श्री बलराम रिज्याल | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | सदस्य | श्री शारदा पराजुली | वडा अध्यक्ष १ | |
| ४ | सदस्य | श्री रामेश्वर मल्ल | वडा अध्यक्ष २ | |
| ५ | सदस्य | श्री रवीन्द्र बहादुर प्रजू | वडा अध्यक्ष ३ | |
| ६ | सदस्य | श्री शंकरप्रसाद बास्तोला | वडा अध्यक्ष ४ | |
| ७ | सदस्य | श्री धन बहादुर नेपाली | वडा अध्यक्ष ५ | |
| ८ | सदस्य | श्री जगतबहादुर पहारी | वडा अध्यक्ष ६ | |
| ९ | सदस्य | श्री रामचन्द्र बराल | वडा अध्यक्ष ७ | |
| १० | सदस्य | श्री रुद्रनाथ बराल | वडा अध्यक्ष ८ | |
| ११ | सदस्य | श्री रामराज लामिछाने | वडा अध्यक्ष ९ | |
| १२ | सदस्य | श्री राजकुमार गुरुङ | वडा अध्यक्ष १० | |
| १३ | सदस्य | श्री मोहन प्रसाद बाँस्तोला | वडा सदस्य ११ | |
| १४ | सदस्य | श्री रामबहादुर कार्की | वडा अध्यक्ष १२ | |
| १५ | सदस्य | श्री लेखबहादुर तामाङ 'दर्शन' | वडा अध्यक्ष १३ | |
| १६ | सदस्य | श्री प्रेमबहादुर कार्की | वडा अध्यक्ष १४ | |
| १७ | सदस्य | श्री प्रकाश पौडेल | वडा अध्यक्ष १५ | |
| १८ | सदस्य | श्री जीवनप्रसाद आचार्य | वडा अध्यक्ष १६ | |
| १९ | सदस्य | श्री तीर्थराज अधिकारी | वडा अध्यक्ष १७ | |
| २० | सदस्य | श्री रणबहादुर थापा | वडा अध्यक्ष १८ | |
| २१ | सदस्य | श्री शोभामोहन पौडेल | वडा अध्यक्ष १९ | |
| २२ | सदस्य | श्री सीम बहादुर गुरुङ्ग | वडा अध्यक्ष २० | |
| २३ | सदस्य | श्री खगराज आचार्य | वडा अध्यक्ष २१ | |
| २४ | सदस्य | श्री मित्रलाल वराल | वडा अध्यक्ष २२ | |

| | | | | |
|---|---|---|---|---|
| २५ | सदस्य | श्री विष्णु प्रसाद पराजुली | वडा अध्यक्ष २३ | |
| २६ | सदस्य | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष २४ | |
| २७ | सदस्य | श्री शोभाकर तिमिल्सीना | वडा अध्यक्ष २५ | |
| २८ | सदस्य | श्री नारायण प्रसाद बराल | वडा अध्यक्ष २६ | |
| २९ | सदस्य | श्री पूर्णकुमार गुरुङ्ग | वडा अध्यक्ष २७ | |
| ३० | सदस्य | श्री निर्मल दियाली | वडा अध्यक्ष २८ | |
| ३१ | सदस्य | श्री चेतबहादुर गुरुङ्ग | वडा अध्यक्ष २९ | |
| ३२ | सदस्य | श्री श्रीराम पोखरेल | वडा अध्यक्ष ३० | |
| ३३ | सदस्य | श्री कमल बहादुर थापा | वडा अध्यक्ष ३१ | |
| ३४ | सदस्य | श्री अक्कल बहादुर कार्की | वडा अध्यक्ष ३२ | |
| ३५ | सदस्य | श्री शिव प्रसाद आचार्य | वडा अध्यक्ष ३३ | |
| ३६ | सदस्य | श्री पुष्पाघले पहारी | कार्यपालिका सदस्य | |
| ३७ | सदस्य | श्री बुधराज भुजेल (भिमसेन) | कार्यपालिका सदस्य | |
| ३८ | सदस्य | श्री ओम प्रसाद गौचन | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री यशोदा भट्टराई | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री राधिका शाही योगी | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री मनबुजा वि.क. | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री सन्तु सुवेदी | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री चतुरे वि.क. | कार्यपालिका सदस्य | |
| | | | | |
| | | | | |

मिति : २०७८/१०/११

स्थान : पोखरा महानगरपालिका सभाहल

बैठक संख्या : ५३

समय : दिनको २:०० वजे ।

पोखरा महानगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री मञ्जुदेवी गुरुङ्गज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको ५३ औं बैठकको दोस्रो दिन पोखरा महानगरपालिकाको सभाहलमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायानुसारको निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | कार्यवाहक प्रमुख | |
| २ | सचिव | श्री बलराम रिज्याल | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | सदस्य | श्री शारदा पराजुली | वडा अध्यक्ष १ | |
| ४ | सदस्य | श्री रामेश्वर मल्ल | वडा अध्यक्ष २ | |
| ५ | सदस्य | श्री रवीन्द्र बहादुर प्रजू | वडा अध्यक्ष ३ | |
| ६ | सदस्य | श्री शंकरप्रसाद बास्तोला | वडा अध्यक्ष ४ | |
| ७ | सदस्य | श्री धन बहादुर नेपाली | वडा अध्यक्ष ५ | |
| ८ | सदस्य | श्री जगतबहादुर पहारी | वडा अध्यक्ष ६ | |
| ९ | सदस्य | श्री रामचन्द्र बराल | वडा अध्यक्ष ७ | |
| १० | सदस्य | श्री रुद्रनाथ बराल | वडा अध्यक्ष ८ | |
| ११ | सदस्य | श्री रामराज लामिछाने | वडा अध्यक्ष ९ | |
| १२ | सदस्य | श्री राजकुमार गुरुङ | वडा अध्यक्ष १० | |
| १३ | सदस्य | श्री मोहन प्रसाद बाँस्तोला | वडा सदस्य ११ | |
| १४ | सदस्य | श्री रामबहादुर कार्की | वडा अध्यक्ष १२ | |
| १५ | सदस्य | श्री लेखबहादुर तामाङ 'दर्शन' | वडा अध्यक्ष १३ | |
| १६ | सदस्य | श्री प्रेमबहादुर कार्की | वडा अध्यक्ष १४ | |
| १७ | सदस्य | श्री प्रकाश पौडेल | वडा अध्यक्ष १५ | |
| १८ | सदस्य | श्री जीवनप्रसाद आचार्य | वडा अध्यक्ष १६ | |
| १९ | सदस्य | श्री तीर्थराज अधिकारी | वडा अध्यक्ष १७ | |
| २० | सदस्य | श्री रणबहादुर थापा | वडा अध्यक्ष १८ | |
| २१ | सदस्य | श्री शोभामोहन पौडेल | वडा अध्यक्ष १९ | |
| २२ | सदस्य | श्री सीम बहादुर गुरुङ्ग | वडा अध्यक्ष २० | |
| २३ | सदस्य | श्री खगराज आचार्य | वडा अध्यक्ष २१ | |
| २४ | सदस्य | श्री मित्रलाल वराल | वडा अध्यक्ष २२ | |

| | | | | |
|---|---|---|---|---|
| २५ | सदस्य | श्री विष्णु प्रसाद पराजुली | वडा अध्यक्ष २३ | |
| २६ | सदस्य | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष २४ | |
| २७ | सदस्य | श्री शोभाकर तिमिल्सीना | वडा अध्यक्ष २५ | |
| २८ | सदस्य | श्री नारायण प्रसाद बराल | वडा अध्यक्ष २६ | |
| २९ | सदस्य | श्री पूर्णकुमार गुरुङ्ग | वडा अध्यक्ष २७ | |
| ३० | सदस्य | श्री निर्मल दियाली | वडा अध्यक्ष २८ | |
| ३१ | सदस्य | श्री चेतबहादुर गुरुङ्ग | वडा अध्यक्ष २९ | |
| ३२ | सदस्य | श्री श्रीराम पोखरेल | वडा अध्यक्ष ३० | |
| ३३ | सदस्य | श्री कमल बहादुर थापा | वडा अध्यक्ष ३१ | |
| ३४ | सदस्य | श्री अक्कल बहादुर कार्की | वडा अध्यक्ष ३२ | |
| ३५ | सदस्य | श्री शिव प्रसाद आचार्य | वडा अध्यक्ष ३३ | |
| ३६ | सदस्य | श्री पुष्पाघले पहारी | कार्यपालिका सदस्य | |
| ३७ | सदस्य | श्री बुधराज भुजेल (भिमसेन) | कार्यपालिका सदस्य | बुधराज भुजेल. |
| ३८ | सदस्य | श्री ओम प्रसाद गौचन | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री यशोदा भट्टराई | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री राधिका शाही योगी | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री मनबुजा वि.क. | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री सन्तु सुवेदी | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री चतुरे वि.क. | कार्यपालिका सदस्य | |

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, पोखरा
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

५३ औं कार्यपालिका बैठकका प्रस्तावहरु:

१। IEE को प्रतिबेदन सम्बन्धी ।
२। गत आ.व. मा सम्पन्न भएका योजनाको भुक्तानी बाँकीको प्रतिबेदन सम्बन्धी ।
३। Landfill site को विवाद समाधान सहजीकरण समितिले सम्पादन गरेको कार्य प्रगति सम्बन्धी ।
४। लेखनाथ क्षेत्रका तालको सीमांकन र मापदण्ड सम्बन्धी ।
५। फेवातालको मापदण्ड तोक्ने सम्बन्धी ।
६। राजश्व सम्बन्धी म.ले.प.को बेरुजु सम्बन्धी ।
७। सुबिस्ताको आधारमा ठेक्का तोड्ने सम्बन्धी ।
८। फोहोर मैला साझेदार कम्पनीहरुको म्याद थप वा नयाँ सूचना सम्बन्धी ।
९। आकस्मिक कोषको रकम बाँडफाँड सम्बन्धी ।
१०। त्रिवर्षिय योजना स्वीकृत गर्ने सम्बन्धी ।
११। बाल अधिकार व्यवस्थित गर्ने ऐन, २०७५ मा दोस्रो संशोधन गर्ने सम्बन्धी ।
१२। पोखरा महानगरपालिका अपांगता संजाल निर्देशिका, २०७८ स्वीकृत गर्ने सम्बन्धी ।
१३। रकमान्तर/कार्यकम संशोधन सम्बन्धी ।
१४। नसाटिएको चेकको रकम भुक्तानी सम्बन्धी ।
१५। आ.व. २०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) गरि सार्वजनिक गर्ने सम्बन्धी ।
१६। laptop ठेक्काको धरौटी भुलले संचित कोषमा दाखिा भएकाले उक्त रकम धरौटी खतामा जम्मा गर्ने सम्बन्धी ।
१७। स्वास्थ्य महाशाखा भाडामा बसेको भवन मासिक रु. १०४५०० भाडाको १० प्रतिशत भाडावृद्धि सम्बन्धी ।
१८। कोभिड आईसोलेसन उपचार केन्द्रमा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता सम्बन्धी ।
१९। कार्यालयमा वर्षौं देखि संचालन हुन नसकी थन्किएका पुराना हेभि सवारी साधन लिलाम गर्ने सम्बन्धी ।
२०। पोखरा प्रज्ञा प्रतिष्ठानमा सदस्य थप सम्बन्धी ।
२१। युवा परिषदलाई पुर्णता दिने सम्बन्धी ।
२२। विधालयको बस खरिद ठेक्काको म्याद थप सम्बन्धी ।
२३। महानगरपालिका खेलकुद परिषदका सदस्य सचिवको पारिश्रमिक तथा नर्मस सम्बन्धी ।
२४। अटो भिलेजको लागि जग्गा खोजी गर्ने सम्बन्धी ।
२५। १९ नं वडाको बाटोको मापदण्ड निर्धारण सम्बन्धी ।
२६। नेपाल रेडक्रस सोसाइटी कास्की शाखालाई उपलब्ध गराउने अनुदान सम्बन्धी ।
२७। काहूँखोला खानेपानी आयोजनाको लागि अधिग्रहण गरिने जग्गा सम्बन्धी ।
२८। वडा नं. १८ र २३ मा शहरी स्वास्थ्य केन्द्र निर्माण गर्न जग्गा प्राप्ती सम्बन्धी ।
२९। वडा नं. १४ को भवन निर्माण सम्बन्धी ।
३०। दशौं नगर सभा तैयारी सम्बन्धी ।
३१। बिविध ।

का.वा प्रमुख

## ५३ औं कार्यपालिका बैठकको निर्णयहनिर्णय नं. १

५२ औं कार्यपालिका बैठकमा पेश भएका विभिन्न ५ परियोजनाहरुको IEE प्रतिबेदनको सम्बन्धमा अध्ययन गरी हालको अवस्था बारे प्रतिबेदन पेश गर्न तोकिएको कार्यदलको तर्फबाट वडा नं. १३ का अध्यक्ष श्री लेखबहादुर तामाङ्गले प्रतिबेदन प्रस्तुत गर्नु भयो । प्रतिबेदनमा उल्लिखित सुझावहरु समेत समाबेस तथा कार्यान्वयन गर्ने गरी नियमानुसार जरीवाना असुल गर्नु पर्नेमा असुल गरी तपसिल बमोजिमका IEE प्रतिबेदन स्वीकृत गर्ने ।

| | | | |
|---|---|---|---|
| १ | एस.पालिखे समेत (मसिना ओखलढुंगा एकिकृत कृषि फार्म) | पोखरा १४ | |
| २ | दि अन्नपूर्ण हाउजिङ प्रा.लि. | पोखरा १४ | |
| ३ | अतिथि स्वीट्स प्रा.लि. | पोखरा ६ | |
| ४ | पोखरा इभेन्ट सेण्टर | पोखरा ६ | |
| ५ | सुकेडांडा (मेषरत्न शाक्य समेत) उत्खनन | पोखरा ३० | |

## निर्णय नं. २

पोखरा महानगरपालिकाको फोहोर व्यवस्थापनको लागि वडा नं. २० मा रहेको प्रस्तावित ल्याण्डफिल साईटको सम्बन्धमा स्थानीयबासीहरुको गुनासोका सम्बन्धमा ५२ औं कार्यपालिका बैठकबाट १९ नं. वडा अध्यक्ष श्री शोभामोहन पौडेल समेत ६ जनालाई सहजीकरणको लागि तोकिएकोमा स्थानीयबासीबाट उक्त ठाउँमा ल्याण्डफिल बनाउन अस्वीकार गरेको र थप प्रयास गर्नुपर्ने एवं यसको लागि जिल्ला स्तरीय राजनीतिक दलका नेताहरु सँग सर्बदलीय बैठक राख्ने र थप विकल्पका रुपमा छलफल गर्ने समेतको सुझाब पेश गर्नुभयो

## निर्णय नं. ३

फेवातालको मापदण्डको निर्धारण सम्बन्धमा सम्मानित सर्बोच्च अदालतको आदेश, हालसम्म गठन भएका अध्ययन समितिहरुको प्रतिवेदन स्थानीयबासीहरुको गुनासो र स्थलगत बस्तुगत अवस्था लगायत अध्ययन गरी १५ दिन भित्र प्रतिबेदन पेश गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने ।

संयोजक -श्री तिर्थराज अधिकारी
सदस्य -श्री जगतबहादुर पहारी
सदस्य -श्री मित्रलाल बराल
सदस्य- श्री ओमप्रसाद सुबेदी
सदस्य -श्री रणबहादुर थापा
सदस्य -श्री बुधराज भुजेल
सदस्य- श्री विष्णुप्रसाद पराजुली

निर्णय नं. ४

पोखरा महानगरपालिकाको स्रेस्ताको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण हुँदा औल्याईएका बेरुजुहरुको विषयमा अध्ययन गरी बेरुजु फछ्र्यौटको लागि सहजीकरण गर्न निम्न बमोजिमको कार्यदल गठन गर्ने ।

संयोजक श्री धनबहादुर नेपाली
सदस्य श्री रामराज लामिछाने
सदस्य श्री शोभामोहन पौडेल

निर्णय नं. ५

पोखरा महानगरपालिका र जस्ट ईन टाइम कन्स्ट्रक्सन बीच भएको मोहोरिया –लामास्वांरा– स्यांखुदी– आनन्द ज्योती लप्सीडाँडा बाटो स्तरोन्नती (वडा नं. ३१) निर्माण गर्न ठेक्का सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने म्याद मिति २०७६।७।२९ सम्म भएकोमा सो म्याद भित्र सम्पन्न नगरी पुन मिति २०७७।७।२७ सम्म सम्पन्न गर्न म्याद थप भएकोमा सो म्याद भित्र पनि सम्पन्न नगरेकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम म्याद थप हुन नसक्ने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम सुबिस्ताको आधारमा ठेक्का तोड्ने ।

निर्णय नं. ६

पोखरा महानगरपालिकामा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन गर्न साझेदार गरेका ६ वटा कम्पनीहरुको सम्झौता म्याद मिति २०७८ पौष मसान्तमा समाप्त भएको र फोहोर व्यवस्थापन गर्न तत्काल अर्को व्यवस्था भै नसकेकाले नियमानुसार राजश्व संकलन हुने गरी फोहोर व्यवस्थापन गर्ने व्यवस्था मिलाउन प्रकिया आरम्भ गर्ने । सो प्रकिया सम्पन्न गरी नयाँ व्यवस्था नहुन्जेल वा २०७९ आषाढ मसान्त सम्म महानगरपालिकालाई बुझाउनु पर्ने रकम अग्रीम बुझाई हाल सेवा प्रवाह गरिरहेका कम्पनीहरुको म्याद थप गर्ने ।

निर्णय नं. ७

चालु आ.व. मा बिनियोजन भएको आकस्मिक कोषको रकम बाँडफाँड गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. ८

पोखरा महानगरपालिकाको शहरी योजना आयोगबाट तयार भई सम्बद्व विज्ञ, सरोकारवालाहरुसँग विभिन्न चरणमा छलफल भै अन्तिम रुप दिइएको पोखरा महानगरपालिकाको त्रिवर्षीय योजना (आ.व. २०७८/७९–०८१/०८२) लाई शुद्धाशुद्धी/परिमार्जन सहित प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

## निर्णय नं. ९

बाल अधिकार व्यवस्थित गर्ने ऐन, २०७४ (दोस्रो संशोधन) मस्यौदा पोखरा महानगरपालिकाको अपांगता संजाल निर्देशिका, २०७८ को मस्यौदा र महानगरपालिका खेलकुद परिषदका सदस्य सचिवको पारिश्रमिक तथा नर्म्स निर्देशिका, २०७८ को मस्यौदा छलफल तथा अध्ययन गरी पेश गर्न विधायन समितिमा पठाउने ।

## निर्णय नं. १०

विभिन्न वडाबाट प्राप्त पत्र तथा छलफलको कममा उठेको वडा स्तरमा यस वर्ष खर्च हुन नसक्ने वा कुनै शीर्षकमा विनियोजित रकम अर्को शीर्षक वा कार्यक्रममा खर्च गर्न आवश्यक भएमा ७ दिन भित्र योजना शाखामा आइपुग्ने गरी रकमान्तर तथा संशोधनको ढाँचामा पठाउन वडा कार्यालयहरुलाई पत्राचार गर्ने ।

## निर्णय नं. ११

गत आ.व.को अन्त्यमा भुक्तानीको विल प्राप्त भै भुक्तानीको लागि चेक काटिएको र कारणबस ती चेक बैंकबाट नसाटिएर फिर्ता भएकोमा त्यस्तो रकम भुक्तानी गर्न चालु आ.व. मा बजेट बिनियोजन नभएकोले निम्न शीर्षकमा बचत हुने रकम तपसिल बमोजिम रकमान्तर गरी भुक्तानी दिने र अनुमोदनको लागि नगर सभामा पेश गर्ने ।

| बजेट शीर्षक | कार्यक्रमको नाम | बिनियोजित रकम | घट | बढ |
|---|---|---|---|---|
| ८०४३९२०१३५१ | केसि. होटल देखि ड्यामसाइड हूँदै तितेपानी भोलुंगे पुलसम्मको बाटो | आन्तरिक स्रोत नगद | २५००००० | |
| ८०४३९२०१७०१ | भैपरी आउने चालु खर्च | राजस्व बाँडफाँड, प्रदेश सरकार नगद | १५००००० | |
| ८०४३९२०११०२ | गत आ.व.को नसाटिएको चेक तथा अन्य फिर्ता | आन्तरिक स्रोत नगद | | २५००००० |
| ८०४३९२०११०२ | अन्य फिर्ता | राजस्व बाँडफाँड, प्रदेश सरकार नगद | | १५००००० |

## निर्णय नं. १२

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ बमोजिम पोखरा महानगरपालिकाको आ.व. २०७७/०७८ को LISA प्रतिबेदन कार्यपालिकाबाट अनुमोदन हुने गरी २०७८ पौष ३० गते सार्वजनिक गरिएकोले उक्त प्रतिबेदन अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र आव्हान गरी कार्यालयको लागि आवश्यक Laptop, Computer खरिद प्रक्रिया अघि बढाउँदा भुलले धरौटी खातामा जम्मा गर्नुपर्ने धरौटी रकम रु. ७३,०००।- संचित कोषमा दाखिला भएकोमा उक्त रकम मिल्दो शीर्षकबाट रकमान्तर गरी धरौटी खातामा फिर्ता जम्मा गर्ने ।

निर्णय नं. १४

महानगरपालिकाको स्वास्थ्य महाशाखा बहालमा बसेको भवनको सम्झौता अवधि दुई वर्ष पुरा भई सकेकोले सम्झौतामा तोकिएको शर्त बमोजिम बहाल रकम रु. १,०४,५००/- को १० प्रतिशत बृद्धि गरी बहाल सम्झौता कार्यान्वयन गर्ने ।

निर्णय नं. १५

यस महानगरपालिका अन्तर्गतको पोखरा प्रज्ञा प्रतिष्ठानमा रिक्त रहेका पदहरु छनोटको सिफारिस गर्ने जिम्मेवारी वडा नं. ७ का वडा अध्यक्ष श्री रामचन्द्र बराल संयोजक रहेको समितिलाई प्रदान गर्ने ।

निर्णय नं. १६

हालसम्म पूर्ण हुन नसकेको नगर युवापरिषदलाई वडा कार्यालयको सिफारिस अनुसार पूर्णता दिने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. १७

महानगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार विभिन्न पाँचवटा सामुदायिक विधालयका लागि लागत सहभागितामा विद्यार्थी बस खरिद गर्नका लागि बोलपत्र आव्हान गरी खरिद प्रक्रिया अघि बढाईएको, सो बमोजिम आपुर्तिकर्तासँग बस आपूर्ति गर्ने समयसीमा २०७८/७/१२ सम्म रहेकोमा प्रचलित कानुन बमोजिम नेपाल सरकारबाट राजस्व छुटको स्वीकृति लिने, प्रतीतपत्र खोली बस आपूर्ति गर्ने लगायतका कार्य छोटो समयमा सम्पन्न हुन नसकी आपुर्तिकर्ताबाट म्याद थपका लागि निबेदन समेत पर्न आएकाले सो ठेक्का सम्झौताको म्याद २०७८ चैत्र २५ गते सम्म थप गर्ने ।

निर्णय नं. १८

पोखरा महानगरपालिका क्षेत्रभित्र अव्यवस्थित रुपमा रहेका दुई पाँग्रे तथा चार पाँग्रे अटो वर्कसपहरुका कारण शहरी सौन्दर्यमा असर गरेको, पार्किङ्ग व्यवस्थित हुन नसकेको, फोहोरमैलाको समस्या बढेको, दुर्घटनाको जोखिम बढेको र अटो व्यवसायी कानूनको दायरामा समेत नआएको सन्दर्भमा त्यस्ता वर्कसपहरुलाई

एकैठाउँमा व्यवस्थित गर्न आवश्यक देखिएको एवं Auto व्यवसायीहरुबाट माग समेत भएकोले Auto Village को स्थापनाको लागि उपयुक्त जग्गा खोजी तथा पहिचान गरी प्रतिबेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने ।

संयोजक वडा अध्यक्ष वडा नं. ५ श्री धनबहादुर नेपाली
वडा अध्यक्ष वडा नं. १९ श्री शोभामोहन पौडेल
वडा अध्यक्ष वडा नं. ४ श्री शंकरप्रसाद बाँस्तोला
व्यवसायी- श्री सनत भट्टराई
व्यवसायी- श्री सन्तोष मिश्र
व्यवसायी- श्री मोहनबाबु खड्का
सदस्य सचिव- मे. ईन्जिनियर श्री सुलभ तिम्सीना

**निर्णय नं. १९**

प्राविधिक समितिबाट सिफारिस भै आए बमोजिम पोखरा महानगरपालिका वडा नं. १९ का देहायका सडकहरुको मापदण्ड देहाय बमोजिम कायम गर्ने ।

| सि. नं. | बाटोको नाम | कायम हुने मापदण्ड | |
|---|---|---|---|
| | | ROW | Setback |
| १ | लामाचौर माछापुच्छ्रे सडक चोक देखि पुरन्चौर सम्म | ८ मि | २ मि |
| २ | ठुलीपोखरी सहर डहर अकलादेवी सडक | ८ मि. | २ मि. |
| ३ | शैलजा चोक देखि गोस्ते खेल मैदान | ६ मि. | - |

**निर्णय नं. २०**

संघीय सरकारबाट निर्माण हुने काहूँखोला खानेपानी आयोजनाको लागि अधिग्रहण गरिने जग्गाको विषयमा जिल्ला प्रशासन कार्यालयबाट मुआब्जा प्रयोजनको लागि चलन चल्तीको न्युनतम मूल्य निर्धारण गर्न वडा नं. ११ का वडा अध्यक्ष र महानगरपालिकाका अधिकृत समेत राखी समिति गठन भएको र सोको कार्य प्रगति कार्यपालिकामा जानकारी गराइयो ।

निर्णय नं. २१

आगामी दशौं नगर सभा मिति २०७८/१०/२८ र २९ गते पोखरा सभाहलमा गर्ने । सोको जानकारी सबै सभासद्हरुलाई समय सीमा भित्र जानकारी गराउने । सबै वडा कार्यालय र महाशाखालाई नगर सभामा प्रस्तुत गर्ने विषय भए सात दिन भित्र महानगरपालिकाको प्रशासन महाशाखामा पेश गर्न जानकारी गराउने ।

निर्णय नं. २२

महानगरपालिकामा कार्यरत सेवा करारका कर्मचारीहरुको करारको म्याद मिति २०७८ पौष मसान्तमा समाप्त भएकाले सो म्याद पुनः ६ महिनाको लागि २०७९ आषाढ मसान्त सम्म थप गर्ने ।

निर्णय नं. २३

महानगरपालिकामा स्वीकृतीको लागि पेश हुने संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन र प्रारम्भिक वातावरणीय मूल्यांकन प्रतिबेदन (IEE) र प्रारम्भिक वातावरणीय मूल्यांकन प्रतिबेदनहरु प्राविधिक पक्षको अध्ययन विश्लेषण गरी सिफारिस गर्न देहाय बमोजिम प्राविधिक समिति गठन गर्ने ।

संयोजक–प्रमुख प्रशासकीय अधिकृत<br>
सदस्य– पूर्वाधार विकास महाशाखा प्रमुख श्री पूर्णबहादुर गुरुङ्ग<br>
सदस्य–ईन्जिनियर श्री महेन्द्र बहादुर गोदार<br>
सदस्य– ईन्जिनियर श्री जगन्नाथ कोईराला<br>
सदस्य सचिव –वातावरण अधिकृत श्री निर्मलमानसिंह भण्डारी

निर्णय नं. २४

महानगरपालिकाले सम्पादन गर्ने कार्यको आन्तरिक नियन्त्रण अनुगमन प्रणाली गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ को उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने

निर्णय नं. २५

विश्व बैंकको अनुदान सहयोगमा निर्माण हुने तालचोक –बेगनास सडकको Upgrading of Talchowk Begnas Road को Design and Supervision Consultant Firm को परामर्श सेवाका लागि रु. ८१६१८५७२/- (मू.अ.कर सहित) लागत अनुमान स्वीकृति र सोको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० बमोजिम आशयपत्र छनौट गर्ने ।

निर्णय नं. ३२

पोखरा महानगरपालिकाको क्षेत्रभित्र निर्माण हुने “क” र “ख” बर्गका भवनहरु, सामुहिक आवास र उच्च तला भएका भवनहरुको अध्ययन, परीक्षण गरी अनुमती प्रदान गर्न सिफारिस गर्ने प्रयोजनका लागि गठित प्राविधिक समितिका पदाधिकारीहरुलाई गत आ.व. २०७७/०७८ को एवं चालु आ.व. मा बैठक भत्ता प्रति बैठक रु. १५००/- र फिल्ड निरीक्षण वापत प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत भए बमोजिम प्रतिदिन रु. १६००/- उपलव्ध गराउने ।

निर्णय नं. ३३

महानगरपालिकाको आ.व. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को स्वीकृत जिन्सी निरीक्षण प्रतिबेदन अनुसार अत्यन्त पुराना, लामो समय देखि प्रयोगमा आउन नसकेका, मर्मत गर्दा पनि संचालन नहुने प्रकृतिका दमकल रहेको स्थानमा थुप्रीएर रहेका देहायका १२ थान ठूला गाडी तथा भारी उपकरणहरु पोखरा महानगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ को परिच्छेद ६ को दफा २३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा ४५ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ बमोजिम लिलाम गर्न आवश्यक कारवाही अघि बढाउने ।

| क्र. स | सामानको विवरण | दर्ता नम्बर | इन्जिन नम्बर | परल मूल्य | प्राप्त मिति/उत्पादन भएको देश |
|---|---|---|---|---|---|
| १ | निशान पिकअप | बा १ भ ५८७९ | Qd32-१३४७५३ | सहयोग प्राप्त | भारत |
| २ | Mahindra Bolero | ग१च ११७९ | Dx ५७६७४ | ९,८९,००० | भारत २०५६ |
| ३ | SMLT3500 Tipper | ग १ग ११९ | Slciv ६२८०६ | ११,६९,०१५। | भारत २०६१ |
| ४ | SMLT3500 c0mpactor | ग १ग १२१ | Slciv ६२८७९ | २३,२६,८०५। | भारत २०६१ |
| ५ | SmlT3500 compactor | ग १ग १२२ | Slciv ६१७३६ | २३,२६,८०५। | भारत २०६१ |
| ६ | SmlT3500 compactor | ग १ग १२४ | Slciv ६२७४४ | २३,२६,८०५। | भारत २०६१ |
| ७ | John Deere | ग १ग १२७ | २८०३२००४ | ५२,५२,०५८। | अमेरिका २०६१ |
| ८ | John Deere | ग १ग १२८ | २८०३२००३ | ५२,५२,०५८। | अमेरीका २०६१ |
| ९ | Escorts tractor | ग१त ७०३ | २७३-२६०६० H | २,३५,४५०। | भारत २०६१साल |
| १० | Ashok layland÷scavenger mounted | ग १ग१२९ | Jvh २२५४६१ | २१,५६,४२६। | भारत २०६१ |
| ११ | Jeetting | ग १ग १२६ | ३० M ६१ ३०२७३५ | ६९,६८,५८०,। | भारत २०६१ |
| १२ | Hand roller | | | ६०००००।- पेश्की | नामसारी नभएको |

**निर्णय नं. ३४**

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले उक्त अस्पतालमा कोभिड वार्डमा उपचारमा खटिने स्वास्थ्यकर्मी संक्रमित हूँदा सट्टामा काम गर्ने स्वास्थ्यकर्मी कम भएकाले ६ जना स्टाफ नर्स र २ जना ल्याव टेक्नीसियन करारमा राखी काममा लगाउन आवश्यक भएको र त्यस्ता कर्मचारीको पाउने तलब रकम नपुग भएकाले महानगरबाट सहयोग माग भएकोमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड वार्डमा कार्यरत उल्लेखित ८ जना स्वास्थ्यकर्मीको २०७८ माघ देखि २०७८ चैत्र महिना सम्मको शुरु स्केलको तलब स्वास्थ्य महाशाखामा कोभिड नियन्त्रण सम्बन्धी शिर्षकमा विनियोजित रकमबाट उपलब्ध गराउने ।

**निर्णय नं. ३५**

५२ औं कार्यपालिका बैठकबाट गत आ.व. को अन्तिममा बिल प्राप्त भै भुक्तानी हुन नसकेका योजनाहरुको सम्बन्धमा अध्ययन गरी पेश गर्न गठन गरिएको कार्यदलका तर्फबाट संयोजक कार्यपालिका सदस्य ओम गौचनले मिति २०७८/३/३० सम्म कार्यालयमा कागजात प्राप्त भै नगर प्रमुखबाट प्रमाणित भएका ३७ गोटा योजनाहरुको विवरण र स्थलगत अनुगमनबाट देखिएको प्रगतिको बारेमा प्रतिबेदन प्रस्तुत गर्नुभयो । सो प्रतिबेदन माथि छलफल भै प्रतिबेदन अनुसार निम्न योजनाहरुको भुक्तानी हुन बाँकी रकम यकीन गरी चालु आ.व.मा बचत हुने पूंजीगत खर्च शिर्षकबाट रकमान्तर गरी भुक्तानी दिने र अनुमोदनको लागि नगर सभामा पेश गर्ने ।

| क्र.स | योजनाको बिवरण | वडा नं. | कुल बजेट रु | म.न.पा रु | जनसहभागिता रु | अन्तिम बिल | योजनाको अवस्था |
|---|---|---|---|---|---|---|---|
| १. | गाईघाटमा रहेको सिद्धबाबा मन्दिरसंग सौचालय सहितको सत्सड भवन निर्माण | १ | १८७५०००।०० | १५,०००००।०० | ३७५०००।०० | ७७२१२१।०० | सन्तोषजनक रहेको |
| २. | टुँडिखेल खेल मैदान निर्माण | १ | २०३६१४।०८ | २०३६१४।०८ | | १४५२६९।१९ | |
| ३. | कसेरी खेलकुद मैदान | १ | १८७६९७५।०६ | १५०००००।० | ३,७५,०००,।० | १२१३६५१।९३ | सन्तोषजनक रहेको |
| ४. | गाईघाट क्षेत्र व्यबस्थापन | १ | ३७,५०,००० | ३०,००,००० | ७,५०,००० | ३३२९५४९।९३ | सन्तोषजनक रहेको |
| ५. | पलिखेचोक तेर्सापट्टी नाला निर्माण | ३ | ९,००,००० | ४,५०,००० | ४,५०,००० | | |
| ६ | कश्यपताल माथिको पहिरो नियन्त्रण | २४ | ३५०५६३।८३ | ३,००,००० | ३३,३३३ | ३३४४५४।१३ | सन्तोषजनक रहेको |
| ७. | धर्मकाया बुद्ध मण्डला निर्माण | ११ | ३२,२१,७४७।३० | १६,००,००० | १६२१७४७।३० | २७०२७८४।९८ | सन्तोषजनक रहेको |
| ८. | पोखरा जेसिज | ११ | | | | | |
| ९. | रेडक्रस भवन | १४ | ३,१२,००० | २,५०,००० | ६२५०० | ३०९४०२।८७ | सन्तोषजनक रहेको |
| १०. | बाटो ग्रावेल | १४ | १२,५०,००० | १०००००० | २५०००० | ४४८१९८।४५ | सन्तोषजनक रहेको |
| ११. | बुढिबजार खराने सडक | २६ | ११८७५०० | ९५०००० | २३७५०० | ९७९७४७६७ | सन्तोषजनक रहेको |
| १२. | पहिरो रोकथामका लागी वाल निर्माण | २७ | ६२००० | ५०००० | १२००० | | सन्तोषजनक रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३. | कोत्रेबाट मजुवा भित्री बाटो मर्मत योजना | ३२ | १,७५,०००।० | १५०००० | २५००० | ६२८७५।४८ | Re -valuation गर्नु पर्ने |
| १४ | आनन्दज्योती मा.वि. सिढी बाटो | ३१ | ८,८२,११८।१४ | ८,००,०००।० | ८२,११८।१४ | | Re- valuation गर्नु पर्ने |
| १५ | दृष्ट निर्माण योजना जनप्रीय मा.बि | ८ | ३००००००।० | १५०००००।० | १५,००,०००। | | |
| १६ | दाम्सादी झोलुंगे पुल संरक्षण कार्य | २१ | ४,५०,००० | ३,६०,००० | ९०,००० | | |
| १७ | वडा कार्यालय मर्मत | २१ | १५०००० | १,५०,००० | ० | १२६९२६।६७ | सन्तोषजनक रहेको |
| १८ | बैडी खेत बाढी नियन्त्रण | २१ | १,०१६८० | १,०१६८० | ० | | सन्तोषजनक रहेको |
| १९ | हुलाक डाडा पारी मनकामना ग्रामिण सडक | २१ | १०,००,००० | ५००००० | ५००००० | | Re -valuation गर्नु पर्ने, |
| २० | भण्डारी खोला तुरतुरे पानी टंकी खानेपानी तथा सरसफाई | ३३ | ३८५०० | ३५००० | ३५०० | ३९०४५।९० | सन्तोषजनक रहेको |
| २१ | लामगादी ठुलोपाखा कस्यारी मोटरबाटो स्तरउन्नती | ३३ | २९,४२,००० | २५,००,००० | ५,००,००० | १४१९२६७४१ | सन्तोषजनक रहेको |
| २२ | सुर्यकिरण युवा क्लव | ३३ | ६६,००० | ६०,००० | ६००० | ६४५३८।११ | सन्तोषजनक रहेको |
| २३ | नवदुर्गा महिला समुह | ३३ | ९०२०० | ८२००० | ८२०० | ९२९९७४९ | सन्तोषजनक रहेको |
| २४ | मातृभुमि युवा क्लव | ३३ | ८२५०० | ७५००० | ७५०० | ८२५१८।६४ | सन्तोषजनक रहेको |
| २५ | समाज जागरण युवा क्लव | ३३ | ९९००० | ९०००० | ९००० | ९०६४५।०१ | सन्तोषजनक रहेको |
| २६ | आँकुरा युवा क्लव | ३३ | १११२०० | १००००० | ११२०० | | |
| २८ | दोविल्ला सार्वजनिक सौचालय | १७ | ७१६७५० | ५००००० | २१६७५० | | |
| २९ | गैह्रागाँउ ढाँडको चौर संरक्षण | ३३ | १६५००० | १५०००० | १५००० | | |
| ३० | गैह्रागाँउ सिढी बाटो | ३३ | ४५००० | ४५००० | ४५०० | | |
| ३१ | कन्ठदेवी मन्दिर गेट निर्माण | ३३ | ४५००० | ४५००० | ४५०० | | |
| ३२ | रातोमाटो मोटर बाटो | ३३ | ४५००० | ४५००० | ५००० | | |
| ३३ | साउनेपानी लिफ्टीङ्ग खानेपानी | ३३ | ९०००० | ९०००० | ९००० | | |
| ३४ | ढाँडको चौर खानेपानी बिस्तार | ३३ | ४५००० | ४५००० | ५००० | | अनुगमन बाकी |
| ३४ | रविन्द्र स्मृति भवन कुर्ची खरीद | ३३ | ४५००० | ४५००० | | | अनुगमन बाकी |
| ३५ | सन्तानेश्वर महादेव | ३३ | ४५००० | ४५००० | ५००० | | अनुगमन बाकी |
| ३६ | भानु मार्ग क बाटो ढलान | ११ | ११५१७८३ | ५५०००० | ५५०००० | | अनुगमन बाकी |
| ३७ | खोला बेसी लिपीयानी मार्ग | ३१ | ३००००० | | | १,५०,००० | अनुगमन भएको |

निर्णय नं. ३६

चालु आ.व. २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम नेपाल रेडक्रस कास्की शाखाको रक्त संचार सेवाको भवन निर्माणको लागि पूँजीगत अनुदान रु. २५ लाख विनियोजन भएकोमा विनियोजन ऐन अनुसार पूँजीगत शिर्षकबाट अनुदान दिन नमिल्ने भएकाले चालु बजेट उपशिर्षक २८९११ भैपरी आउने रकमबाट रकमान्तर गरि अनुदान उपलव्ध गराउने र अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने ।